बराहक्षेत्र नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चक्रघटी, सुनसरी
प्रदेश नं. १

प.स.:-२०७८/७९

मिति:२०७९/०२/२५

**विषय:-** विभिन्न शिर्षकको ठेक्काको दरभाउपत्र आह्वान सम्बन्धी सूचना ।

पहिलो पटक सूचना प्रकाशित मिति : २०७९।०२।२६

स्थानीयसरकार सञ्चालनऐन, २०७४बमोजिम तथा यस नगरपालिकाको आर्थिक ऐन, २०७९ अनुसार यस नगरपालिकाले संकलन गर्ने देहायको कर, दस्तुर आ.व. २०७९/८०का लागि ठेक्काको माध्यमबाट संकलन गर्ने भएको हुंदा निम्न शर्तहरुको अधिनमा रहने गरी शिलबन्दी दरभाउपत्र पेश गर्न हुन इच्छुक फर्महरु सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । उल्लेखित सुचना बमोजिमको दरभाउपत्र फाराम यस नगरपालिकाको कार्यालय, चक्रघट्टीमा राजश्व दस्तुर (दस्तुर फिर्ता नहुने) तिरी खरिद गर्न र तोकिएको अवधि भित्र बुझाउन सकिने छ । साथै ठेक्का सम्बन्धी शर्त तथा जानकारीका लागि www.barahamun.gov.npमा हेर्न सकिनेछ ।

दरभाउपत्र बिक्री हुने अन्तिम मिति :

सूचना नं. १, २, ३, ४, ५, ७, ८, ९, १०, ११, १२ र १३ को लागि : (२०७९।०३।०९ गते कार्यालय समय बेलुकी ५.००बजेसम्म ।)

सूचना नं. ६ को लागि (२०७९।०३।२४ गते कार्यालय समय बेलुकी ३.००बजेसम्म ।)

दरभाउपत्र बुझाउने हुने अन्तिम मिति :

सूचना नं. १, २, ३, ४, ५, ७, ८, ९, १०, ११, १२ र १३ को लागि : (२०७९।०३।१० गते कार्यालय समय १२.०० बजेसम्म ।)

सूचना नं. को लागि (२०७९।०३।२६ गते कार्यालय समय १२.००बजेसम्म ।)

**ठेक्का विवरण :**

| क्र.सं. (ठेक्का नं.) | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक मू.अ.क.सहित अनुमानित | दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १.२०७९।८० | साविक मधुवन गा.वि.स. हालबराहक्षेत्र न.पा.वडा नं. ११ स्थित आइतबारे, विहिवारे र गुद्री सहितको वार्षिक ठेक्का | १,८५,१०१।- | १,०००।- | |
| २.२०७९।८० | साविक मधुवन गा.वि.स. हालबराहक्षेत्र न.पा.वडा नं. ११ स्थित हाल निर्माण गरिएको व्यवसायिक सटर कोठा भाँडा को वार्षिक ठेक्का (जम्मा ४ कोठा) | रु.३०००।- (प्रति कोठा मासिक) | ३००।- | |

| | | | | |
|---|---|---|---|---|
| ३.२०७९।८० | साविक भरौल गा. वि.स. हाल बराहक्षेत्र न.पा.वडा नं. ३ स्थित कृषि टहरा भाँडाको बार्षिक ठेक्का (जम्मा १० कोठा) | रु.१,०००।- (प्रति कोठा मासिक) | ३००।- | |
| ४.२०७९।८० | साविक प्रकाशपुर गा.वि.स. हाल बराहक्षेत्र न.पा.वडा नं. ९ र १० स्थितको राजावासतारघाटको बार्षिक ठेक्का | ४,०५,०००।- | १,०००।- | |
| ५.२०७९।८० | साविक प्रकाशपुर गा.वि.स. हाल बराहक्षेत्र न.पा.वडा नं. ९ र १० स्थितको हाटकरको बार्षिक ठेक्का | १,६५,५०१।- | १,०००।- | |
| ६.२०७९।८० | साविक महेन्द्रनगर गा.वि.स. हाल बराहक्षेत्र न.पा.वडा नं. ३ र ७ मवेशी चौपाया हाट (बांङ्गे बजार) को बार्षिक ठेक्का | ४२,७५,०००।– | १,०००।- | |
| ७.२०७९।८० | साविक महेन्द्रनगर गा.वि.स. हाल बराहक्षेत्र न.पा.वडा नं. ६ र ७ सिसौली तारघाटको बार्षिक ठेक्का | २५३,०००।- | १,०००।- | |
| ८.२०७९।८० | साविक महेन्द्रनगर गा.वि.स. हाल बराहक्षेत्र न.पा.वडा नं. ६ र ७साप्ताहिक हाटबजारको बार्षिक ठेक्का | ३,५०,०००।- | १,०००।- | |
| ९.२०७९।८० | साविक बराहक्षेत्र गा.वि.स. हाल बराहक्षेत्र न.पा.वडा नं. १, र २ को हटिया तथा पशु (बाखा तथा बंगुर)को बार्षिक ठेक्काको लागि | २,०१,०००।- | १,०००।- | |
| १०.२०७९।८० | साविक बराहक्षेत्र गा.वि.स. हाल बराहक्षेत्र न.पा.वडा नं. १ र २ काठबास विक्री बापत | १,५३,०००।- | १,०००।- | |
| ११.२०७९।८० | साविक भरौल गा.वि.स. हाल बराहक्षेत्र न.पा.वडा नं. ३, ४ र ५ मंगलवारे र शनिवारे साप्ताहिक हटियाको बार्षिक ठेक्का | २,०५,०००।- | १,०००।- | |
| १२.२०७९।८० | बराहक्षेत्र न. पा. भरी कवाडी ठेक्का | १,०७,०००।- | ३००।- | |
| १३.२०७९।८० | कान्जी हाउस | ४१,०१०।- | ३००।- | |

**नोटः** **१.**दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट क्रमश उल्लेखित समय अनुसार नै उक्त कार्यहरु हुनेछ । शर्त तथा जानकारीहरु यस नगरपालिकाको राजश्व शाखाबाट दरभाउपत्र फारम खरिद गर्दा प्राप्त गर्न सकिनेछ ।

**शर्तहरुः-**

१. शिलबन्दी दरभाउपत्र खरिद गर्न इच्छुक खरिदकर्ता (फर्म वा संस्था) ले माथी उल्लेख भए अनुसारको दरभाउपत्र दस्तुर यस कार्यालयको राजश्व शाखामा बुझाई खरिद गर्न सकिनेछ ।

२. खरिद भएका शिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना भएको मितिले १६ (सोह्र) दिनको १२ बजे यस कार्यलयको नाममा सम्बोधन गरि ठेक्का नम्बर, कामको बिबरण, शिलबन्दी दरभाउपत्र खरिदकर्ताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहा छाप गरि अलग अलग शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ । खरिदकर्ताले आफुले पेश गरेको शिलबन्दी दरभाउपत्र फिर्ता वा संसोधन गर्न चाहेमा शिलबन्दी दरभाउपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा २४ (चौबिस) घण्टा अगावै फिर्ता वा संसोधन गर्ने सम्बन्धी लिखित निबेदन यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

३. कार्यालयबाट शिलबन्दी दरभाउपत्र फारम खरिद गर्दा नागरिकता प्रमाणपत्र प्रतिलिपी, VATदर्ता प्रमाण पत्र प्रतिलिपी, २०७७/०७८ को कर चुक्ता प्रमाण पत्र प्रतिलिपी का साथमा दस्तुर रसिद(पछि फिर्ता नहुने गरी) बुझाइ उल्लेखित समयभित्र खरिद गर्न सकिनेछ ।

४. शिलबन्दी दरभाउपत्र पेश गर्दा बुँदा नं ३ मा उल्लेखित कागजातका साथमा धरौटी बापतको रकम (नेपाली नागरिक भए कबोल गरेको अङ्कको ५% र बिदेशी नागरिक भए कबोल गरेको अङ्क १०%) ले हुन आउने रकम यस न.पा.को नाममा मेगा बैङ्क चक्रघट्टी शाखामा रहेको धरौटी खाता नं3060010003088 जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र बुझाउने अन्तिम दिनबाट ९० दिनको म्याद भएको रितपूर्वकको बैङ्क जमानत पत्र पेश गर्नुपर्नेछ। धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै रुपमा समावेश गर्नु पर्नेछ । धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने फर्मको नाम तथा कुन शिर्षकको धरौटी हो स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

५. माथी उल्लेखित न्युनतम अङ्क भएको आन्तरिक आयको ठेक्का स्वीकृत भए पश्चात सम्झौताका बखत सम्बन्धित ठेकेदारले नेपाल सरकारले तोकेअनुसार मु.अ.कर आफुले कबोल गरेको अङ्कमा थप गरि हुन आउने रकम अग्रीम रुपमा एकमुष्ठ यसै कार्यालयमा बुझाउनु पर्नेछ । ठेक्काको स्वीकृत रकम एकमुष्ठ बुझाउदा स्वीकृत अङ्कमा बढीमा १०% छुट दिन सकिनेछ ।

६. शिलबन्दी दरभापत्र फारम जुन फर्मको वा संस्थाको नाममा खरिद गरिएको हो सोहि फर्म वा संस्थाको नाममा मात्र पेश गर्नु पर्नेछ ।

७. शिलबन्दी दरभाउपत्रफारम भर्दा कबोल गरेको रकम अङ्क र अक्षर दुबैमा प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ । अङ्कमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको स्थानमा दस्तखत नभएमा मान्यता दिइने छैन ।

८. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । मुनासिब कारण बाहेक सो अवधि भित्र सम्झौता गर्न नआएमा निजको धरौटी जफत गरि त्यसपछिको क्रमानुसार रितपूर्वकको शिलबन्दी दरभाउपत्र खरिदकर्तालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिइनेछ ।

९. ठेक्का रकमलाई किस्तामा बुझाउनका लागि पहिलो किस्ताको ५० प्रतिशत, दोश्रो किस्ता ३० प्रतिशत, तेश्रो र अन्तिम किस्ता २० प्रतिशत हुने गरि बिभाजन गरिनेछ । किस्ता बापतको रकम मध्ये पहिलो किस्ता सम्झौता गर्दा कै बखतमा, दोश्रो किस्ताको २०७९ फाल्गुण मसान्त भित्र र तेश्रो तथा अन्तिम किस्ता बराबरको रकम २०८०

जेष्ठ मसान्त भित्र बुझाउनु पर्नेछ । दोश्रो र अन्तिम किस्ता बराबर रकमको हकमा २०८० आषाढ मसान्त सम्म अवधि रहेको बैङ्क ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

१०. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकिएको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई गरि सो रसिदहरु यस कार्यालयले तोकेको कर्मचारीबाट अभिलेख रहने गरि प्रमाणित गराएर मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरिएका रसिदबाट कर उठाएको जानकारी कार्यालयमा प्राप्त भई सो प्रमाणित भएमा नियमानुसार कारवाही गरिनेछ । साथै नगदी रसिदको नमुना नगरपालिकाबाट उपलब्ध गराईनेछ ।

११. कुनै ठेक्का वा कर उठाउन नेपाल सरकार वा अन्य निकायबाट रोक लगाएमा सोहि बमोजिम हुनेछ ।

१२. धरौटी बापत जम्मा गरेको रकम किस्ता वा एकमुष्ट रकममा समायोजन गर्न पाईनेछैन ।

१३. शर्त सहितको दरभाउपत्र स्वीकार्य हुनेछैन ।

१४. नगरपालिका वा नेपाल सरकारको हित बिपरित हुने कुनै काम गरेमा जुनसुकै बखत ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिनेछ । यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति स्वम ठेकेदारले व्यहोर्नु पर्नेछ ।

१५. सम्बन्धित कर संकलनका लागि नगरपालिकाद्धारा तोकिएको स्थानहरु बाहेक अन्य स्थानबाट कर र दस्तुर उठाउन पाईनेछैन ।

१६. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखि कर संकलन गर्न पाइनेछैन । ढाट वा तगारो राखेमा नियमानुसार कार्वाहि गरिनेछ ।

१७. ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । बिचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत ब्याज जोडि असुल उपर गरिने छ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठ्न गएमा सो रकम पनि पूर्व ठेकेदारबाट नै सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१८. नगरपालिकालाई रकम बुझाउनु पर्ने बाँकी बक्यौता भएका फर्म वा संस्थाहरुले बाँकी रकम नबुझाए सम्म निजको दरभाउपत्र स्वीकृत गरिने छैन ।

१९. ठेक्का चलान गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्ष बिच आपसमा छलफलद्धारा सामाधान गरिनेछ । त्यस्तो छलफलबाट सहमति हुन नसकेमा यस नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो को पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ । साथै अन्य बिभिन्न बिषयमा नगरपालिकाले दिएको निर्देशन अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

२०. बन्द, हड्ताल तथा अन्य मावब श्रृजित कारणहरुबाट श्रृजना हुने अबरोधका कारण कर छुट वा मिनाहा दिइने छैन ।

२१. यस सूचनामा उल्लेख भए बाहेकका कुराहरुको हकमा नेपाल सरकार तथा स्थानीय सरकारको प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

ठेक्का नं. २ र ३ को लागि

२२.सटर भाँडा न्यूनतम ५ वर्षको लागि भाँडामा लगाइनेछ ।

२३. सटर भाँडाको प्रत्येक २ वर्षमा सम्झौता गरी १० प्रतिशत भाँडा रकम वृद्धि गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत